# नेपाल राष्ट्र बैंक
## प्रेस समाचार

## गभर्नर डा. नेपालद्वारा नेपाली समाचार पोर्टल bankingkhabar.com को शुभारम्भ

गभर्नर डा. चिरंजीबि नेपालले फागुन १८ गते आयोजित एक कार्यक्रम बीच मिडिया इन्टरनेसनलको वित्तीय साक्षरतामा समर्पित **www.bankingkhabar.com** नामक नेपाली समाचार पोर्टलको शुभारम्भ गर्नुभयो ।



उक्त कार्यक्रममा गभर्नर डा. नेपालले समुद्घाटन मन्तव्य राख्नुहुँदै अमेरिकाको सन् २००८ को घटनाक्रम पश्चात विश्वव्यापी रुपमा पोर्टल मार्फत समाचार सम्प्रेषण गर्ने प्रचलन बढेको उल्लेख गर्नुभयो । सो क्रममा उहाँले मिडिया क्षेत्र एकदमै संवेदनशील क्षेत्र भएकोले जथाभावी समाचार सम्प्रेषण नगर्न, सत्य समाचार मात्र सम्प्रेषण गर्न सबै सञ्चारकर्मीहरुलाई आग्रह गर्नुभयो। विशेषत बैंक तथा वित्तीय संस्थाहरुका बारेमा खबर प्रवाह गर्दा त्यस संस्थासँग सम्बन्धित वचतकर्ता, लगानिकर्ता र सेवाग्राही सबैलाई असर गर्ने हुनाले समाचार सम्प्रेषणको कार्यमा विशेष ध्यान दिनुहुन आग्रह गर्नुभयो ।

गभर्नर डा. नेपालले विभिन्न देशहरुका मिडियाले सकारात्मक समाचारहरु मात्रै सम्प्रेषण गर्ने गरेको र मिडियाकै बलमा नेपोलियनले युद्ध समेत जितेको उदाहरण प्रस्तुत गर्नुहुँदै मिडियाले सरकार र जनता विच असल पुलको रुपमा कार्य गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो । मन्तवय राख्ने क्रममा उहाँले सहि, अन्तर्क्रियात्मक तथा तुरुन्तै समाचार सम्प्रेषण गर्ने मोडालिटीमा अगाडि बढ्न **bankingkhabar.com** लाई सुझाव दिनुभयो । उहाँले मिडिया क्षेत्रको संवेदनशीलतालाई ध्यानमा राख्दै मिडिया क्षेत्रमा निरन्तर अध्ययन तथा थप दक्ष जनशक्तिको खाँचो रहेको धारणा व्यक्त गर्नुभयो ।

गभर्नर डा. नेपालले अझैपनि बहुसंख्यक नेपाली वित्तीय पहुँचबाट पर रहेको तथ्याङ्क प्रस्तुत गर्नुहँदै वित्तीय साक्षरताको माध्यमबाट नेपली जनतालाई वित्तीय गतिविधि मार्फत आर्थिक गतिविधिहरुमा सहभागि गराएर मुलुकको विकासमा योगदान पुर्‍याउनु पर्ने वताउनु भयो । सो क्रममा उहाँले जापानमा सरकारको प्रोत्साहनमा वालवालिकाहरुलाई सेयरमा लगानी गर्न लगाएको उदाहरण प्रस्तुत गर्नुहुँदै नेपालमा पनि घर तथा विद्यालयको स्तरबाट नै वित्तीय साक्षरताको सुरुवात गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो ।




गभर्नर डा. नेपालले वित्तीय साक्षरता कार्यक्रम प्रभावकारी ढङ्गले अगाडि बढाउन नेपाल राष्ट्र बैंकले वित्तीय साक्षरता नीति अगाडि बढाएको जानकारी दिनुहुँदै वित्तीय साक्षरतालाई पैसाको गति/चाल बुझ्ने साक्षरताको रुपमा पनि परिभाषित गर्न सकिने कुरा प्रष्ट पार्दै देशका विभिन्न भेगमा रहेको वित्तीय अज्ञानतालाई चिर्न वित्तीय साक्षरताको महत्वपूर्ण भूमिका रहेको वास्तविकता पनि औंल्याउनुभयो ।

अन्त्यमा गभर्नर डा. नेपालले नेपालमा सञ्चालनमा रहेका पोर्टलहरुले नेपाली समाजलाई सुसूचित एवं सजग गर्न मद्दत गरिरहेको धारणा व्यक्त गर्नुहुँदै **bankingkhabar.com** ले पनि आगामी दिनमा सहि सूचना सम्प्रेषण गर्दै वित्तीय साक्षरता बढाउन सहयोग गर्ने विश्वास व्यक्त गर्नुका साथै पोर्टलको सफलताका लागि शुभकामना व्यक्त गर्नुभयो ।

मिडिया इन्टरनेसनलद्वारा आयोजित उक्त कार्यक्रममा नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशकहरु, निर्देशकहरु, नेपाल बैंकर्स संघ, विभिन्न बैंक तथा वित्तीय संस्था, निजी क्षेत्र र पत्रकारहरु लगायतको उपस्थिति रहेको थियो ।

२०७२ फागुन १८, मंगलबार

गभर्नरको कार्यालय